राष्ट्र र जनताप्रति प्रतिबद्ध
महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
द पब्लिक टुडे
The Public Today
National Daily
राष्ट्रिय दैनिक
वर्ष १३ | अंक ३५३ | २०८३ भाद्र १९ गते शुक्रवार | (Friday, 4 Sep., 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# ढल्केवरको सिरानबाट चुरेमा पदयात्रा, सफारीको सम्भावना खोजिँदै

## मिथिलाको उत्तरी भूगोललाई धार्मिक-प्राकृतिक पर्यटन सर्किटमा जोड्ने प्रयास

विजय कुमार सिंह

*ढल्केवर, भाद्र १८ गते ।*

*'उकाली ओराली गर्दै*
*आँखाभरी रहर भर्दै*
*आँधीबेरीसँग लड्दै,*
*खोला नदी सागर तर्दै...'*



गीतका यी पंक्तिजस्तै चुरेको यात्रा पनि उकाली-ओरालीले भरिएको छ । कतै साँघुरो बाटो, कतै घना हरियाली वनजंगल, कतै डाँडाको टाकुराबाट देखिने टाढासम्मको मनोरम दृश्य । उकालो चढ्दा थकान हुन्छ, तर वरिपरि देखिने प्रकृतिले त्यो थकान बिर्साइदिन्छ । हरेक मोडपछि खुल्ने नयाँ दृश्यले आँखाभरि रहर भरिदिन्छ । यही रहर बोकेर बिहिबार धनुषाको मिथिला नगरपालिकाको उत्तरी भेग चुरेको फेदीमा पदयात्रा गरिएको छ । चुरे तथा भावर क्षेत्रमा रहेका धार्मिक, ऐतिहासिक तथा पुरातात्विक सम्पदाको खोजी गर्दै त्यस क्षेत्रको प्राकृतिक सौन्दर्यलाई पर्यटनसँग जोड्ने उद्देश्यले मिथिला नगर पत्रकार सञ्जालले पदयात्रा थालेको हो । सञ्जालले नगरको विकासमा रचनात्मक भूमिका खेल्ने उद्देश्यले यस्ता सम्भावनाको पहिचान र प्रवर्द्धनमा आफ्नो पाइला अघि सारेको छ । बिहिबार गरिएको यो पदयात्रा धार्मिकस्थलको अवलोकनमा मात्र सीमित छैन । हरियाली वनजंगल, डाँडाकाँडा, जैविक विविधता र मनोरम प्राकृतिक दृश्यलाई आधार बनाएर चुरे सफारीको सम्भावना खोज्नु पनि यात्राको मुख्य उद्देश्य रहेको मिथिला नगर पत्रकार सञ्जालका अध्यक्ष विजय कुमार साहले जानकारी दिए ।

मिथिला नगरपालिका-४ स्थित चमेनियामाई मन्दिरबाट सुरु भएको पदयात्रा वडा नं. ७ स्थित मिथिला सागर पोखरीयामा पुगेर सम्पन्न भएको छ । यात्राका क्रममा चुरेको प्राकृतिक भूगोलसँगै धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरूको अवलोकन गरिएको अध्यक्ष साहले बताए ।

'मिथिला नगरपालिकाको धरोहर र पुरातात्विक सम्पत्ति कहाँ-कहाँ छन् भनेर खोजी गरिरहेका छौँ । पौराणिक कालदेखि नै महत्वपूर्ण रहेका यी स्थललाई व्यवस्थित गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्छ,' अध्यक्ष साहले भने ।

उनका अनुसार चमेनियामाई मन्दिर, पहाडी बाबा मन्दिर, औहरी बाबा मन्दिर, मिथिला सागर पोखरीया, कुण्डेश्वर महादेव, भष्मेश्वर, धनेश्वर महादेव र बाहुनमारा हुँदै धनुषा-सिन्धुली सीमा क्षेत्रसम्म पुग्ने गरी पदमार्गको सम्भाव्यता अध्ययन तथा स्थलगत अवलोकन गर्ने संजालको योजना छ ।

बिहिबार पहिलो चरणमा चमेनियामाई मन्दिरदेखि मिथिला सागर पोखरीयासम्म पदयात्रा गरिएको संजालका सचिव विजय कुमार सिंहले बताए । धार्मिकस्थल हुँदै चुरेको जंगल र पहाडी भूभागसम्म पुग्ने पदमार्ग विकास गर्न सके भविष्यमा जंगल सफारी, प्रकृति अवलोकन र पदयात्रालाई एउटै पर्यटकीय प्याकेजमा जोड्न सकिने प्रचुर सम्भावना देखिएको सचिव सिंहले बताए ।

'चुरेको प्राकृतिक सौन्दर्य, धार्मिकस्थल र ऐतिहासिक सम्पदालाई एउटै मार्गमा जोड्न सकिने आधारहरु पर्याप्त छ । यसले मधेशबाट चुरेसम्मको पर्यटन यात्रा तयार गर्न सकिने देखिन्छ । यद्यपि चुरे क्षेत्रमा पर्यटन विस्तार गर्दा वातावरण संरक्षणलाई भने उत्तिकै प्राथमिकता दिनुपर्ने हुन्छ,' उनले भने 'सफारीका नाममा वन तथा प्राकृतिक स्रोतमा अनावश्यक दबाब नपर्ने गरी पर्यटकीय गतिविधि सञ्चालन गर्नुपर्ने कुरामा हामी सचेत छौं ।'

दोस्रो चरणको पदयात्रा छिट्टै सञ्चालन हुने सचिव सिंहले बताए । पदयात्रा सम्पन्न भएलगत्तै कार्ययोजनासहितको प्रतिवेदन तयार गरेर त्यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय, प्रदेश र संघीय सरकारसमक्ष प्रस्तुत गर्ने योजना रहेको उनको भनाइ छ । 'पहिलो चरणको पदयात्रामा पत्रकारहरु मात्र रहेपनि दोस्रो चरणमा यसलाई वृहत बनाउँदै अगाडी बढ्ने हाम्रो योजना छ,' सचिव सिंहले भने 'यस अभियानमा स्थानीय उद्योग वाणिज्य संघ, होटल व्यवसायी, विभिन्न संघसंस्थाहरुलाई जोड्न आवश्यक समन्वय र सहकार्य गर्छौं ।'

मधेशको समथर भूभागबाट चुरेको हरियालीतर्फ जाने बाटो, जंगलको शान्त वातावरण, डाँडाकाँडाको मनोरम दृश्य, बाटोमै भेटिने मयुर र धार्मिक आस्थाका केन्द्रलाई एउटै पर्यटकीय सर्किटमा जोड्न सके मिथिला नगरपालिकाको उत्तरी भेग धार्मिक पर्यटनसँगै चुरे सफारीको नयाँ गन्तव्य बन्न सक्ने बलियो सम्भावना रहेको नेपाल पत्रकार महासंघ धनुषाका पूर्वकोषाध्यक्षसमेत रहेका सञ्जालका सदस्य राजकमल सिंह बताउँछन् । 'धार्मिक स्थलसँगै प्राकृतिक सौन्दर्यको अवलोकन गर्न पर्यटक आउने भएकाले पदमार्गको

- बाँकी पृष्ठ ३ मा

**रसुवा बाढीपछि सम्पर्कविहीन परिवारको बेहाल**

# न चुल्हो बल्छ, न आँखा ओभाउँछन्

गोपालप्रसाद बराल

*बर्दिबास, भाद्र १८ गते ।*

महोत्तरीको बर्दिबास-३ गौरीडाँडाकी सरिता विष्टका हातमा मोबाइल छुटेको छैन । छिनछिनमा उनी मोबाइलमा आँखा डुलाइ रहन्छिन् । एक साता बित्यो घरमा चुल्हो बलेको छैन । न घरमा कसैका आँखा ओभाएका छन् ।



अपर त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत छोरा सौभाग्य बिष्ट भोटेकोशी बाढीका कारण सम्पर्कविहीन भएका छन् । "बाबुले मामु ठिकै छु भनेर फोन गरी हाल्छ कि भन्ने लाग्छ, एक छिन यो मोबाइल छाडेकी छैन," सरिता भन्छिन्, "अहिले सौभाग्यबाहेक कुनै कुरा सम्झन सक्दिनँ ।" यही भदौ १० गते नै पनि बिहान छोरासँग कुरा भएको सम्झँदै सरिता भन्छिन्, "बाढीको खबर आउन थालेपछि सम्पर्क गर्न चाह्यौं । त्यो दिन बिहान ९:०० बजेपछि बाबुसँग सम्पर्क हुन सकेको छैन ।" सौभाग्यको खोजीमा बुबा ध्रुव बिष्ट र मावलीघरका आफन्त यति बेला रसुवा पुगेको सरिताले बताइन् ।

"एकचोटि त भन्दियोस्, मामु म फसेको थिएँ, अब निस्कें," उनी भन्छिन्, "सौभाग्यको यति वचन सुन्ने अभिलाषाले एक छिन मोबाइल छाडेकी छैन ।" सामान्य आर्थिक अवस्थाको बिष्ट परिवार मेकानिकल इञ्जिनियर रहेका छोरा सौभाग्यकै आर्जनको भरमा चलेको थियो ।

यसैगरी, बर्दिबास-९ पशुपतिनगरको गोमस्ता टोलका खिलबहादुर राना मगरको परिवारमा पनि अहिले घरको चुल्हो नबलेको एक साता नाघ्यो ।

अपर त्रिशुली-१ जलविद्युत् आयोजनामै

- बाँकी पृष्ठ ३ मा

# हाम्रो दुःखमा मित्र राष्ट्रहरू दरिलो खम्बा बनेर उभिनुभएको छ



काठमाडौं : प्रधानमन्त्री बालेन्द्र शाह(बालेन)ले नेपालको दुःखमा मित्रराष्ट्रहरू दरिलो खम्बा बनेको उभिएको बताएका छन् । बिहीबार राति फेसबुकमार्फत रसुवा बाढीपछिको घटनाको विवरण दिँदै प्रधानमन्त्री बालेनले वैदेशिक सहायताको प्रशंसा गरेका हुन् ।

'बाढी आएकै दिनदेखि हामीले मित्रराष्ट्रहरुबाट विभिन्न किसिमको सहयोग प्राप्त गरिरहेका छौं,' प्रधानमन्त्री बालेनले भनेका छन्, 'हाम्रो दुःखमा उहाँहरू दरिलो

- बाँकी पृष्ठ ३ मा

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# विपद्मा राजनीति होइन, एकता आवश्यक

देश अहिले बाढीपहिरोजस्ता प्राकृतिक विपद्को चपेटामा छ । विपद्का कारण नागरिकको जनजीवन प्रभावित भएको छ, ठूलो भौतिक क्षति भएको छ र कैयौं परिवार विस्थापित हुनुपरेको छ । यस्तो संवेदनशील समयमा उद्धार, राहत र पुन:स्थापनाको प्रभावकारितामाथि सत्ता पक्ष र विपक्षबीच प्रश्न उठ्नु स्वाभाविक भए पनि विपद्लाई राजनीतिक आरोप-प्रत्यारोपको विषय बनाउनु भने उचित हुँदैन ।

हालै संसद्मा बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका विषयमा सत्ता पक्ष र विपक्षी सांसदबीच भएका बहसले सरकारका कमजोरीप्रति प्रश्न उठाउने र त्यसलाई सच्याउन दबाब दिने काम गरेको छ । सरकारका कामको निगरानी गर्नु विपक्षको जिम्मेवारी हो भने विपद्को समयमा राज्यका सबै संयन्त्रलाई प्रभावकारी रूपमा परिचालन गर्नु सरकारको दायित्व हो । तर, दुवै पक्षले व्यक्त गरेका संकटमा परेका नागरिकको मनोबल उकास्न र उद्धार-राहतमा सबै एकजुट भएर काम गर्नुपर्ने भावनाचाहिँ स्वागतयोग्य, प्रशंसनीय र अनुकरणीय छ ।

विपद्को समयमा पीडित नागरिकलाई कसले गल्ती गऱ्यो भन्ने बहसभन्दा तत्काल उद्धार कसरी गर्ने, राहत कसरी पुऱ्याउने र जोखिममा रहेका नागरिकलाई कसरी सुरक्षित राख्ने भन्ने चिन्ता ठूलो हुन्छ । बाढीको पानीले सत्ता र विपक्ष चिन्दैन, विपन्न र सम्पन्नबीच भेद गर्दैन । त्यसैले पीडितको पीडा कम गर्ने अभियानमा राजनीतिक मतभेद गौण बन्नुपर्छ ।

सरकारले उद्धार र राहतमा भएका कमजोरी तत्काल सच्याउँदै आवश्यक स्रोत-साधन परिचालन गर्नुपर्छ । विपक्षले पनि खबरदारीसँगै रचनात्मक सहयोग र समन्वयमा जोड दिनुपर्छ । विपद्मा देखिने राजनीतिक एकता नै नागरिकको भरोसा र राज्यप्रतिको विश्वास बलियो बनाउने आधार हो । यस्तो एकता भाषणमा मात्र होइन, व्यवहारमै देखिनु आजको आवश्यकता हो ।

## राशिफल

मेष - समस्या निम्त्याउन सक्छ ।
वृष - मौन रहनु बेस होला ।
मिथुन - लक्ष्यमा पुग्न समस्या पर्नेछ ।
कर्कट - काम लिने चेष्टा गर्नुहोला ।
सिंह - शुभचिन्तकहरू टाढिन सक्छन् ।
कन्या - यवहारले फाइदा दिलाउनेछ ।
तुला - चिताएको काम सम्पादन हुनेछ ।
वृश्चिक - यात्रा गर्ने अवसर जुट्न सक्छ ।
धनु - भोजनको आनन्द प्राप्त हुनेछ ।
मकर - थप हौसला जगाउनेछ ।
कुम्भ - सहयोगीहरू प्रशस्तै भेटिनेछन् ।
मिन - परिवारजनसँग भेटघाट हुनेछ ।

# विपद्मा कुकुरको साथ : नेपालमा परिचालन र अन्तर्राष्ट्रिय अभ्यास



■ युवराज भट्टराई

नेपालमा गत साता आएको विनाशकारी बाढी-पहिरोपछि हराइरहेका मानिसहरूको खोजीमा तालिमप्राप्त उद्धार कुकुर (सर्च एन्ड रेस्क्यु डग) प्रयोग भइरहेका छन् ।

रसुवा, नुवाकोटलगायत प्रभावित क्षेत्रमा बाढीले थुपारेको लेदो, ढुंगा र भग्नावशेषभित्र मानिसको गन्ध पहिचान गर्न कुकुरलाई परिचालन गरिएको छ । चीनले पनि आफ्नोतर्फ विपद् क्षेत्रमा जीवन पत्ता लगाउने उपकरणसँगै खोजी तथा उद्धार कुकुर परिचालन गरेको छ । कुकुरलाई भैरवको बहानका रूपमा हेरिन्छ भने भैरवलाई नेपाल (उपत्यका)को रक्षकका रूपमा । त्यसोभए अहिलेको उद्धार कार्यमा कसरी परिचालन भइरहेका छन् त यी भैरवका वाहन ? कस्तो छ तिनको प्रभावकारिता ?

**खोजी र उद्धार कार्यमा तीनवटै सुरक्षा निकायका कुकुर परिचालन**

भोटेकोशीको विपद्मा खोज तथा उद्धारमा तीन वटै सुरक्षा निकायले तालिम प्राप्त कुकुर प्रयोग गरिरहेका छन् । नेपाल प्रहरीका ६ वटा कुकुर खोज तथा उद्धारमा प्रयोग गरिए । तीमध्ये चार वटा रसुवा र नुवाकोटमा र एउटा चितवनमा परिचालित छन् । भोटेकोशीबाट बगेर आएका शव खोज्न चितवनको नारायणी नदी किनारमा पनि कुकुर प्रयोग गरिएको थियो । भोटेकोशी विपद्को मुख्य प्रभावित क्षेत्र रसुवामा प्रहरीले जर्मन सेफर्ड र बेल्जियन सेफर्ड जातको दुई वटा कुकुर प्रयोग गरेको छ । नुवाकोटमा दुई वटा ल्याबराडोर प्रयोग गरिएको छ ।

बुधबार रसुवाको टिमुरेमा कुकुरको सहयोगमा ३ वटा शव संकलन गरिएको रसुवामा खोज तथा उद्धारको नेतृत्व गरिरहेका एसएसपी दिप शमशेर जबराले बताए । उनले भने, 'टिमुरेमा ३ वटा शव हामीले कुकुरकै सहयोगमा भेट्टाएका हौं ।'

तर नुवाकोटको मैलुङ क्षेत्रमा सुरुदेखि नै कुकुर प्रयोग गरिए पनि त्यहाँ प्रभावकारी नभएको प्रहरी अधिकृतहरू बताउँछन् । मैलुङ क्षेत्रमा जलविद्युत् आयोजनाको टनेलहरू भएको ठाउँमा नतिजा नआएपछि बिहीबार मैलुङमा परिचालित कुकुरलाई ढुंगेमा खटाइएको छ । त्यसो त यस बाढीले नदीका किनार, बस्ती र जलविद्युत् आयोजनामा अत्यधिक मात्रामा लेदो तथा भग्नावशेष थुपारेको छ । १२ वटा जलविद्युत् आयोजना प्रभावित भएका छन् र आयोजनामै करिब ६३९ जना अझै हराइरहेका छन् । त्यसो त यस विपद्मा मर्नेको संख्या १२ सय र बेपत्ताको संख्या नै ४८७८ नाघिसकेको छ । उद्धार टोलीले विशेषगरी सुरुङ तथा अन्य सम्भावित जीवित क्षेत्रलाई प्राथमिकतामा राखेको छ ।

यस्तो अवस्थामा हेरेर बेपत्ता पहिल्याउने काम एकदमै कठिन बनेको छ । कुकुरको सबैभन्दा ठूलो भूमिका यहीँ प्रस्ट हुन्छ । प्रशिक्षित कुकुरले मानिसले नदेखेको ठाउँमा पनि मानव शरीरबाट निस्कने गन्धका अणु पहिचान गर्न सक्छ । भग्नावशेषमाथि दौडेर वा निश्चित क्षेत्रमा सुँघेर कुकुरले सम्भावित स्थानमा संकेत दिन सक्छ । त्यसपछि उद्धार टोलीले क्यामेरा, जीवन पत्ता लगाउने उपकरण, ड्रिल वा अन्य साधन प्रयोग गरेर पुनः पुष्टि गर्न सक्छ ।

यसैका कारण अहिले नेपाली सेनाले पनि विपद् प्रभावित क्षेत्रमा खोज तथा उद्धारमा कुकुर प्रयोग गरिरहेको छ । विपद् सुरु भएदेखि नै खोजीमा कुकुर परिचालन गरिएको सैनिक प्रवक्ता (सहायकरथी) राजाराम बस्नेतले रातोपाटीलाई बताए ।

विपद् व्यवस्थापन, उद्धार र अनुसन्धान गर्न प्रहरीसँग ६ प्रजातिका कुकुर छन् । ल्याबराडोर, जर्मन सेफर्ड, बेल्जियन सेफर्ड, गोल्डेन रिट्रिभर, कोकर स्पानियल र बिगल प्रजातिका कुकुरले अनुसन्धानमा प्रहरीलाई सहयोग गर्दै आएका छन् । महाराजगञ्जस्थित प्रहरी केनाइन कार्यालयले कुकुरको व्यवस्थापन गर्दै आएको छ । कुकुरसँग सुँघ्ने क्षमता अत्यधिक हुन्छ । खोज तथा उद्धार र अनुसन्धानमा प्रयोग गरिने कुकुरसँग २५० मिलियन सेल्स हुन्छ । सामान्य कुकुरमा त्यति धेरै सुँघ्ने क्षमताको सेल्स हुँदैन ।

**विपद्मा कुकुर प्रयोगको अन्तर्राष्ट्रिय अभ्यास**

अमेरिकी फेडरल इमर्जेन्सी म्यानेजमेन्ट एजेन्सी (एफईएमए) ले त विपद् उद्धारका लागि छुट्टै 'क्यानी सर्च स्पेसलिस्ट' को मापदण्ड नै बनाएको छ । त्यस्ता कुकुरलाई भत्किएका संरचना तथा भग्नावशेषमा जीवित मानिस पत्ता लगाउन तालिम दिइन्छ । त्यसैगरी मानव अवशेष पत्ता लगाउने छुट्टै कुकुर टोलीसमेत हुन्छ । एफईएमएको मापदण्डअनुसार त्यस्ता कुकुरले भग्नावशेष तथा ध्वस्त संरचनामा मानव अवशेषको गन्ध पहिचान गर्छन् ।

२०२३ मा टर्की र सिरियामा गएको विनाशकारी भूकम्पपछि खोज तथा उद्धारमा संसारभरका टोली परिचालन भएका थिए । विभिन्न देशबाट आएका टोलीमा स्निफर डग अर्थात् गन्ध पहिचान गर्ने खोजी कुकुरसमेत थिए । टर्कीको घटनाले एउटा महत्वपूर्ण कुरा देखायो । ठूलो भग्नावशेषमा मानिस खोज्न कुकुर अझै पनि अत्यन्त उपयोगी प्रविधिमध्ये एक हो, तर त्यसलाई भारी उपकरण, क्यामेरा, ध्वनि तथा जीवन संकेत पत्ता लगाउने उपकरण र प्रशिक्षित उद्धारकसँग मिलाएर प्रयोग गर्नुपर्छ ।

२०२५ मा म्यानमारमा गएको शक्तिशाली भूकम्पपछि बैंककमा निर्माणाधीन ३० तले भवन भत्किँदा खोजीमा दुई वटा गोल्डेन रिट्रिभर उद्धार कुकुर प्रयोग गरिएका थिए । ती कुकुरलाई भग्नावशेषमा जीवित मानिसको संकेत खोज्न परिचालन गरिएको थियो । पाँच दिनसम्म उद्धार प्रयास जारी रहँदा उनीहरूले खोजीमा भाग लिए । पछि ती कुकुरलाई पीडित परिवारलाई भावनात्मक सहारा दिन पनि प्रयोग गरिएको थियो ।

**वास्तवमा कति ठूलो हुन्छ कुकुरको क्षमता ?**

कुकुरलाई 'जादुई उपकरण' ठान्नु गलत हुन्छ । यसको प्रभावकारिता केही महत्वपूर्ण अवस्थामा निर्भर हुन्छ । मानिसको शरीरबाट लगातार विभिन्न प्रकारका गन्ध निस्कन्छन् । प्रशिक्षित कुकुरले यी गन्धलाई अन्य गन्धबाट छुट्याउन सक्छ । त्यसैले भग्नावशेषमा मानिसको आँखाले केही नदेखे पनि कुकुरले सम्भावित जीवित व्यक्तिको स्थान संकेत गर्न सक्छ । तर संकेतलाई अन्तिम प्रमाण मानिँदैन । हावा, पानी, तापक्रम, लेदोको अवस्था, अन्य मानिसको गन्ध र वातावरणीय प्रदूषणले परिणाम प्रभावित गर्न सक्छ ।

जीवित व्यक्ति भेटिने सम्भावना कम भएपछि खोजी कुकुरको अर्को महत्त्वपूर्ण भूमिका सुरु हुन्छ, मानव अवशेषको खोजी गर्ने । यसका लागि प्रयोग हुने कुकुरलाई जीवित मानिस खोज्ने कुकुरभन्दा फरक गन्ध पहिचानमा तालिम दिइएको हुन्छ । एफईएमएले जीवित व्यक्ति र मानव अवशेष खोज्ने कुकुरका लागि छुट्टाछुट्टै विशेषज्ञता तोकेको छ ।

**नेपालमा २०१५ को भूकम्प : धेरै कुकुर प्रयोग**

नेपालमा विपद् पछिको खोज र उद्धारमा कुकुरको यस्तो प्रयोग नौलो होइन । राष्ट्रसंघको अभिलेखअनुसार २०१५ को विनाशकारी भूकम्पपछिको खोजी तथा उद्धारमा करिब १२० कुकुरलाई प्रयोग गरिएको थियो । यसले नेपालमा विपद् उद्धारका लागि कुकुरको प्रयोग अन्तर्राष्ट्रिय अभ्यासअनुसार नै हुँदै आएको देखाउँछ । तर २०१५ को भूकम्प र अहिलेको बाढीबिच महत्त्वपूर्ण फरक छ । भूकम्पमा मुख्यतः भत्किएका भवनको भग्नावशेष थियो । अहिले भने नदीको बहावसँगै आएको पानी, लेदो, ढुंगा, काठ र अन्य सामग्रीको मिश्रण छ । त्यसैले कुकुरका लागि गन्धको स्रोतसम्म पुग्न र सही संकेत दिन थप कठिन हुन सक्छ ।

त्यस्तै, कुकुरको गन्ध पहिचान गर्ने क्षमता अत्यन्त बलियो भए पनि पानीको बहावले गन्धलाई फैलाउन सक्छ । बाढीको पानी, लगातार वर्षा, हिलो र तीव्र हावाले गन्धको स्रोत र कुकुरसम्म पुग्ने गन्धको मार्ग बदलिदिन्छ ।

अहिले बाढी प्रभावित क्षेत्रमा पुरिएका घर र संरचनामा कुकुरलाई परिचालन गरिएको छ । खुट्टा नभासिने र दलदल सुकेको ठाउँमा मात्र कुकुरलाई खोजीमा परिचालन गरिएको प्रहरी अधिकृतहरू बताउँछन् । खोज तथा उद्धारमा प्रयोग गर्न प्रहरीले हेलिकप्टरमार्फत ४ वटा कुकुर रसुवा र नुवाकोटमा पठाएको थियो । पानी र दलदल जमिनमा कुकरले काम गर्न नसक्ने अनुसन्धानमा खोज तथा उद्धारमा संलग्न प्रहरी अधिकृतहरू बताउँछन् ।

रसुवा र नुवाकोटमा सशस्त्र प्रहरीको कुकुर पनि परिचालन गरिएको छ । टिमुरेमा बाढीका कारण पुरिएकाहरूको खोजीमा बिहीबार पनि कुकुर परिचालन गरिएको छ ।

**सुरुङभित्र कुकुर कति उपयोगी ?**

जलविद्युत् सुरुङमा सयौं मानिस फसेको आशंका गरिएको छ । विभिन्न आयोजनाका सुरुङ तथा सम्भावित 'ड्राइ चेम्बर' मा उद्धार केन्द्रित छ । केही ठाउँमा अक्सिजनसमेत पठाइएको छ भने कतै प्रयास जारी छ । सुरुङको गहिराइमा बाक्लो लेदो भरिएको छ भने कुकुरले मात्र त्यहाँसम्म पुगेर खोजी गर्न सक्दैन । कुकुरले पहुँचयोग्य क्षेत्रमा सम्भावित गन्धको संकेत दिन सक्छ । तर त्यसपछि सम्भावित स्थान पहिचान, क्यामेरा/सेन्सर, ड्रिलिङ, सुरुङ खोल्ने, उद्धार टोली प्रवेशजस्ता चरणबद्ध प्रक्रिया आवश्यक हुन्छ । अनि, सबैभन्दा महत्त्वपूर्ण कुरा, कुकुरले मानिस भेटिने ठाउँको सुइँको दिन सक्छ । तर मानिसलाई त्यहाँबाट निकाल्ने काम भने प्रविधि, इन्जिनियरिङ र उद्धार टोलीले नै गर्नुपर्छ ।

## न चुल्हो बल्छ, न आँखा...

कार्यरत छोरी जोया रानासँग भदौ १० बिहान ९:०० बजेयता सम्पर्क हुन नसकेपछि यो परिवारमा सन्नाटा छाएको छ । “सन्तानका नाउँमा तीन वटी छोरी छन्, अलि लेखपढ भएकी हुँदा जोयाकै भरमा परिवार चलेको छ,” पिता खिलबहादुर राना भन्छन्, “जो माथि जिन्दगी सुम्पन्न खोज्थे, उही सम्पर्कविहीन भएकी छ । आफैंले हेलिकप्टर भाडामा लिएर कैयन फेरा रसुवा र नुवाकोटका त्रिशूली किनामा चक्कर लगाए पनि छोरीको अहिलेसम्म अत्तोपत्तो नपाएको खिलबहादुर बलिन्द्र आँसु काढ्दै बताउँछन् ।

यसैगरी, मटिहानी-७ का ४० वर्षीय गङ्गाराम मण्डलको घरमा आमा, पत्नी र चार छोराछोरी उहाँको एक वचनको पर्खाइमा छन् । “भदौ ९ गते ‘म गोसाइँकुण्ड जाँदैछु’ भनेर फोन गर्नुभएको थियो,” पत्नी गुञ्जा मण्डल भक्कानिँदै भन्छिन्, “त्यसपछि उहाँसँग सम्पर्क भएको छैन ।”

आमा र चार छोराछोरी निरन्तर उनलाई सम्झिरहेका बेला आफू आँसु झार्न पनि नसकेको गुञ्जाको बिलौना छ । काठमाडौंस्थित रिचा टुर्स कम्पनीमा भान्सेको काममा रहेका मण्डल यही भदौ ९ गते कम्पनीका पाहुनासँगै रसुवा गएका थिए । परिवारको एउटै सहारा गङ्गाराम सम्पर्कविहीन भएपछि निकै छटपटी बढेको छ ।

यस्तै, जलेश्वर-७ का हशन अन्सारी पनि भदौ १० गते बिहान ९:०० बजेपछि सम्पर्कविहीन छन् । केही दिन पहिलेमात्र रसुवाको एक जलविद्युत् आयोजनामा मेकानिकको काम गर्ने अन्सारीले अन्तिमपटक यही भदौ ९ गते आमा मुलिमा खातुनलाइ फोन गरेका थिए । केही दिनभित्रै एक साताको बिदामा घर आउने बताउनुभएको पिता माजिद अन्सारी सम्झन्छन् । “दिनदिनै घरमा फोन गर्थ्यो, भदौ १० पछि पनि फोन आउने प्रतीक्षामा छौं,” पिता माजिद भन्छन्, “यही भदौ १० यता घरमा चुल्हो बलेको छैन, आफन्त जो आउँछन् घरमा सबै आँखा टिलपिलाएका छन् ।” कसैले हशनबारे राम्रो समाचार सुनाउला कि पर्खाइ मात्रै बाँकी रहेको माजिद बताउँछन् ।

भोटेकोशी बाढीयता रसुवा र नुवाकोटमा सम्पर्कमा आएका १८ जनालाई जिल्ला प्रशासन कार्यालयले सुरक्षित तवरले पारिवारिक सम्पर्कमा पठाइसकेको छ । त्यसबाहेक सम्पर्कविहीन भएका १९ जनामध्ये छ जना पारिवारिक सम्पर्कमा आइसक्नु भएको महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए । “अब महोत्तरीका १३ जना सम्पर्कविहीन हुनुहुन्छ, उहाँहरूको खोजी र सम्पर्कको प्रयास निरन्तर भइरहेको छ,” प्रजिअ यादवले भने, “विश्वास गरौं, सबै सकुशल भेटिनुहोस् ।”

## हाम्रो दुःखमा मित्रराष्ट्रहरु...

खम्बा बनेर उभिनुभएको छ ।’

पहिलो दिनदेखि छिमेकी राष्ट्र भारतले विभिन्न चरणमा आवश्यक सबै किसिमको सहयोग गरिरहेको प्रधानमन्त्री बालेनले बताएका छन् ।

‘भारतले हालसम्म ५ चरणमा ७४ टन राहत तथा उद्धार सामग्री उपलब्ध गराइसकेको छ ।

साथै, उद्धारका लागि विज्ञ टोलीहरू पनि प्रभावित क्षेत्रमा खटाइरहेको छ,’ उनले भनेका छन् ।

## ढल्केवरको सिरानबाट चुरेमा पदयात्रा...

योजना अघि सारिएको हो । यस क्षेत्रमा पर्यटक भित्र्याउन सकियो भने धार्मिक तथा प्राकृतिक पर्यटनको प्रवर्द्धनसँगै स्थानीय व्यवसायलाई पनि चलायमान बनाउन सकिन्छ । हामीले पर्यटनलाई स्थानीय व्यवसायको प्रवर्द्धन र आर्थिक समृद्धिसँग जोड्ने गरी अवधारणा अघि बढाउन खोजेका छौं,’ पत्रकार सिंहले भने । यात्राका क्रममा प्राचिनकालीन इतिहास बोकेको डाँडासमेत भेटिएको पत्रकार सिंहले बताए । ‘डाँडाको विषयमा केही प्राचिनकालीन रहस्य भेटाएका छौं । अहिले नै बोल्न अलिक हतार हुन्छ । हामी थप तथ्य जुटाएर त्यो विषय उजागर गर्छौं,’ उनले भने ।

पदयात्रामा सञ्जालका अध्यक्ष साहसँगै सचिव विजयकुमार सिंह, कोषाध्यक्ष फुलगेन मगही, पदाधिकारी राजकमल सिंह तथा सञ्चारकर्मी कृष्ण यादवको सहभागिता थियो ।

## बाढी प्रभावितलाई मानसिक स्वास्थ्यमा...

श्वासप्रश्वासको समस्या बढ्ने सम्भावना भएकाले विशेष ख्याल दिनुपर्ने उनी बताउँछन् । बाढीका क्रममा लागेका घाउचोटमा सङ्क्रमणको जोखिम हुने भएकाले समयमै उपचारको व्यवस्था मिलाउन डा.गौलीको सुझाव छ ।

विपदको समयमा मधुमेह, उच्च रक्तचाप, दम र क्यान्सरजस्ता दीर्घरोग भएका बिरामीका लागि अझ चुनौतीपूर्ण हुने चिकित्सको भनाइ छ । डा.गौली भन्छन्, “त्यस अवस्थामा औषधि खाइरहेका बिरामीले नियमितता कायम गर्न नसक्दा र नयाँ सङ्क्रमण थपिँदा जोखिम बढ्ने भएकाले विशेष सावधानी अपनाउन आवश्यक रहेको छ ।”

बाढी प्रभावितको मानसिक अवस्थालाई पनि विशेष ख्यालगरी स्वास्थ्यो पचारमा प्राथमिकतामा राख्नुपर्ने चिकित्सको सुझाव छ । घरबारविहीन र मानसिक तनावमा रहेका बासिन्दाका लागि मनोपरामर्शदाताको परिचालन गरी आत्मविश्वास बढाउन जरुरी रहेको उनीहरुको सल्लाह छ ।

ज्वरो वा सामान्य समस्या देखिनेबित्तिकै जथाभावी एन्टिबायोटिक प्रयोग पनि नगर्न तथा बरु जीवनजल, सिटामोल, स्लाइन र ड्रेसिङका सामग्रीको उचित व्यवस्थापन गरी स्वास्थ्यकर्मीको सल्लाहमा मात्र औषधि सेवन गर्न विशेषज्ञ चिकित्सको सुझाव छ ।

उनीहरुले बाढी प्रभावित क्षेत्रमा तत्काल आधारभूत स्वास्थ्य सेवाको पहुँच पुर्याउन सङ्घीय, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वय गर्न ध्यानाकर्षण गराएका छन् ।

## बाढी प्रभावित विद्यालय पुन:निर्माणमा...

पुर्याएको छ ।

प्राप्त विवरणमा सामुदायिक तथा संस्थागत विद्यालयका भवन तथा अन्य भौतिक संरचनामा पूर्ण र आंशिक क्षति भएको उल्लेख छ । प्रारम्भिक विवरणअनुसार केही सामुदायिक तथा संस्थागत शैक्षिक संस्थामा पूर्ण क्षति पुगेको छ भने केहीमा आंशिक क्षति भएको छ । तर जिल्लागत रूपमा कुन संस्थामा कति क्षति भयो भन्ने विस्तृत विवरण भने अझै सङ्कलन तथा अद्यावधिक भइरहेको विभागले जनाएको छ । बाढीबाट विद्यार्थी, शिक्षक तथा शैक्षिक संस्थामाथि परेको क्षतिको यकिन विवरण सङ्कलन गरी राहत तथा पुन:स्थापनाको कामलाई प्रभावकारी बनाइने छ ।

“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान

**खर्गा दन्त उपचार केन्द्र प्रा.लि.**

बर्दिवास-१ सिन्धुली रोड, महोत्तरी ☎ ९८४४३१२२४६

(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

**डा. गंगाराम खर्गा**
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिह( न ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# र्‍यापर बादशाह र ईशा रिखीले गरे सम्बन्धविच्छेद

**नयाँ दिल्ली, भाद्र १८ गते ।**
बिहे गरेको ५ महिनामै भारतीय र्‍यापर बादशाह र पञ्जाबी अभिनेत्री ईशा रिखी अलग भएका छन् । सोमबार रात दुबैले आफ्नो इन्स्टाग्राम एकाउन्टमा पोस्ट सेयर गर्दै सम्बन्धविच्छेदको पुष्टि गरेका हुन् ।



आफ्नो पोस्टमा बादशाहले यो निर्णय आपसी सहमतिमा गरिएको बताएका छन् । यस समयमा आफ्नो गोपनीयताको सम्मान गर्न र अड्कलबाजी नगर्न उनले फ्यान र मिडियालाई अनुरोध गरेका छन् । विगत केही हप्तादेखि उनीहरूको सम्बन्धमा दरार आएको रिपोर्ट आएको थियो ।

**के लेखिएको थियो इन्स्टाग्राम पोस्टमा ?**

उनी र ईशा रिखी आपसी सम्मानका साथ आफ्नो छुट्टै बाटोमा अगाडि बढिरहेको पोस्टमा बादशाहले लेखेका छन् । ‘यो निर्णय आपसी सहमतिमा गरिएको हो । हामी सबैलाई यस समयमा हाम्रो गोपनीयताको सम्मान गर्न अनुरोध गर्दछौं । यस विषयमा यो नै हाम्रो पहिलो र अन्तिम कथन हो, त्यसैले हाम्रो सम्बन्धको बारेमा थप अड्कलबाजी नगर्नुस्,’ पोस्टमा भनिएको छ । आफ्नो इन्स्टाग्राम स्टोरीमा ईशा रिखीले पनि त्यही स्टोरी शेयर गरेकी छिन् ।

**को हुन् ईशा रिखी ?**

ईशा रिखी एक लोकप्रिय पञ्जाबी अभिनेत्री र मोडेल हुन् । ईशाले २०१३ को पञ्जाबी फिल्म जट्ट ब्वाय पुट जट्टा दीबाट डेब्यू गरेकी थिइन् । पछि उनी अमरिंदर गिलसँग ह्याप्पी गो लकीमा देखा परिन् । यसका साथै, ईशा बडे चेन्ज मेरे यार कमिने, ह्वाट द जट र अर्दास जस्ता फिल्महरूमा पनि उनले काम गरेकी छिन् । पञ्जाबी सिनेमामा लोकप्रियता हासिल गरेपछि, ईशाले २०१८ मा राघव जुयाल, पुनित पाठक र धर्मेश येलांडे अभिनीत फिल्म नवाबजादेबाट बलिउडमा डेब्यू गरेकी थिइन् ।

जुलाईदेखि नै जोडी अलग भएको खबर आइरहेका थिए । बादशाह र ईशा रिखीको सम्बन्धमा तनावको रिपोर्टहरू जुलाईमा बाहिर आउन थाले । जुलाई २६ मा ईशाले एक पोस्टमा बादशाहसँगको आफ्नो धेरै तस्बिर र भिडियोहरू सेयर गरेकी थिइन् । त्यसमा, उनले ‘हरेक आँधीबेहरी एक पाठ हो’ भन्ने क्याप्शनमा मुटु टुक्रिएको इमोजी राखेकी थिइन् । यसपछि, एउटा नोटमा इशाले डरका कारण उनी लामो समयदेखि मौन रहेको तर अब आफ्नो आत्मसम्मानको लागि बोलिरहेको भनेकी थिइन् ।

जुनमा इन्स्टाग्राममा ‘आस्क मी एनीथिङ’ सेसनमा ईशा रिखीले बादशाहसँग आफ्नो विवाहको पुष्टि गरेकी थिइन् । यद्यपि, विवाह पछि पनि, दुवैले सार्वजनिक रूपमा एकअर्काको बारे खासै कुरा गरेनन् । बादशाहको यो दोस्रो सम्बन्ध विच्छेद हो । उनले पहिले २०१२ मा जस्मिन मसिहसँग विवाह गरेका थिए । २०१७ मा उनीहरूको एक छोरी जेस्सामी ग्रेस मसिह सिंह जन्मिइन् । यद्यपि, कुरा नमिलेपछि बादशाह र जस्मिन २०२० मा अलग भए । यसपछि, बादशाहको जीवनमा ईशा रिखी आइन् । एजेन्सी

**कुनै पनि समाचार, लेख, रचना वा विज्ञापनका लागि**
९८४४०३७१९८, ९८१४८३५५४२, ९८१२०४८५६६, ९८६८८२१२९८
thepublictoday2070@gmail.com



सोनमा गाउपालिका
सोनमा, महोत्तरी, मधेश प्रदेश

# बाढी प्रभावित विद्यालय पुनःनिर्माणमा 'ठुला विद्यालय'को अवधारणा : शिक्षामन्त्री

राष्ट्रिय समाचार समिति

*काठमाडौँ, भाद्र १८ गते ।*

शिक्षा तथा खेलकुद मन्त्रालयले पछिल्लो विपद्का कारण शिक्षा क्षेत्रमा परेको प्रभाव, विपद्पछिको पुनःस्थापना तथा आगामी प्राथमिकताका विषयमा नेपाल शिक्षा समूह (नेपाल एजुकेशन क्लस्टर) का प्रतिनिधिहरुसँग छलफल गरेको छ ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको उपस्थितिमा बिहीबार मन्त्रालयमा सम्पन्न छलफलमा बाढी प्रभावित विद्यालयको पुनःस्थापना, विद्यार्थीको पढाइलाई निरन्तरता, आवश्यक सहयोग तथा स्रोत परिचालन र दीर्घकालीन पुनःनिर्माणबारे छलफल भएको हो ।

छलफलमा विकास साझेदार संस्थाका प्रतिनिधिले प्रभावित क्षेत्रमा उद्धार तथा पुनःस्थापनाका साथै विद्यार्थीको अध्ययन निरन्तरताका लागि सरकारसँग समन्वय गरी काम गर्ने प्रतिबद्धता जनाएका छन् उनीहरूले प्रभावित बालबालिकाको शिक्षा र बसोबास व्यवस्थापनमा सहयोग गर्ने बताएका छन् । साथै, उनीहरुले तत्कालीन र दीर्घकालीन सहयोगका लागि आफूहरु लागिरहेका र आवश्यक स्रोत व्यवस्थापनका काममा जुटाइरहेको जानकारी दिए ।



शिक्षामन्त्री पोखरेलले विपद्को यस घडिमा एजुकेशन क्लस्टरका प्रतिनिधिहरुबाट भएको प्रयासका लागि धन्यवाद दिँदै यसमा मन्त्रालय एक्लो नरहेको र सामूहिक प्रयास भइरहेको उल्लेख गरे । उनले आगामी दिनमा बाढी प्रभावित क्षेत्रका विद्यालयको पुनःनिर्माणका सन्दर्भमा हामीले आवाशीय सुविधा र विद्यालय बस सुविधासहितका ठूला विद्यालयको अवधारणाअनुसार अगाडि बढ्दा उपयुक्त हुनसक्ने धारणा राखे ।

शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले अन्य देशहरुले यस्तो विपद्को समयमा त्यहाँको समुदायको पुनःस्थापनाका लागि के कस्ता प्रयास गरेका थिए भन्ने अनुभवले हामीलाई यस क्षेत्रमा काम गर्नका लागि सहयोग पुग्ने भएकाले सोका लागि पनि क्लटरका प्रतिनिधिहरुलाई आवश्यक अध्ययन गर्नहुन अनुरोध गरे ।

शिक्षा मन्त्रालयका प्रवक्ता एवं सहसचिव श्रीचन्द्र भट्टराईले विकास साझेदारबाट हुने सहयोगमा दोहोरोपन नआउने गरी सरकारी निकायसँग प्रभावकारी समन्वय आवश्यक रहेको बताए । शिक्षा विभागका निर्देशक निलकण्ठ ढकालले बाढीबाट प्रभावित विद्यार्थी तथा शिक्षकको विवरण सङ्कलन भइरहेको बताए ।

बाढीका कारण सामुदायिक तथा संस्थागत विद्यालयका भवन तथा अन्य भौतिक संरचनामा पूर्ण र आंशिक क्षति पुगेको छ । क्षतिको विस्तृत जिल्लागत विवरण सङ्कलन तथा अद्यावधिक भइरहेको विभागले जनाएको छ ।

मन्त्रालयले यकिन तथ्याङ्का आधारमा राहत, पुनःस्थापना र पुनःनिर्माणका कार्यक्रम अघि बढाउने जनाएको छ । शिक्षा विभागले उपलब्ध गराएको हालसम्मको तथ्याङ्कअनुसार हालै आएको बाढीका कारण विद्यार्थी र शिक्षकसमेत ठूलो संख्यामा प्रभावित भएका छन् ।

बाढीबाट प्रभावित विद्यार्थी तथा शिक्षकमा रसुवा, नुवाकोट र धादिङ जिल्लाका शैक्षिक संस्थासँग सम्बन्धित व्यक्तिहरू छन्। बाढीका कारण शैक्षिक क्षेत्र प्रभावित भएको छ । बाढीले शैक्षिक संस्थाका भौतिक संरचनामा क्षति

- बाँकी पृष्ठ ३ मा

# उद्धार, राहत र पुनःस्थापना प्रभावकारी बनाउन आग्रह

राष्ट्रिय समाचार समिति

*काठमाडौँ, भाद्र १८ गते ।*

राष्ट्रिय मानव अधिकार आयोगले भोटेकोशी र त्रिशुली नदीमा गएको भीषण बाढीबाट प्रभावित क्षेत्रमा उद्धार, राहत, उपचार तथा पुनःस्थापनाका कार्यलाई थप प्रभावकारी बनाउन तीनै तहका सरकारलाई आग्रह गरेको छ ।

आयोगका सहसचिव एवं प्रवक्ता डा. टीकाराम पोखरेलद्वारा जारी विज्ञप्तिमा विपद्पछिको उद्धार, राहत तथा पुनःस्थापनाका कार्य मानव अधिकारमैत्री ढङ्गले संचालन गर्नुपर्नेमा जोड दिइएको छ । रसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका प्रभावित जिल्लामा अनुगमन टोली परिचालन गरी उद्धार कार्य, घाइतेको उपचार तथा होल्डिङ सेन्टरमा रहेका प्रभावितको मानव अधिकारको अवस्थाबारे प्रारम्भिक अनुगमन गरिएको जनाइएको छ । आयोगले बाढीमा परी निधन भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । यसैगरी, उद्धारमा खटिएका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारी, मनोसामाजिक परामर्शकर्ता, राष्ट्रिय तथा अन्तरराष्ट्रिय सङ्घसंस्था र मानवीय सहयोगमा जुटेका सर्वसाधारणप्रति धन्यवाद व्यक्त गरेको छ । बाढी प्रभावित क्षेत्रमा हुने उद्धार, राहत, उपचार र पुनःस्थापनाका कार्यमा निजी क्षेत्रसँगसमेत सहकार्य र समन्वय गर्न आयोगले तीनै तहका सरकारलाई आग्रह गरेको छ । विपद्को यस असहज परिस्थितिमा उद्धार, राहत, पुनःस्थापना तथा पुनःनिर्माणसँग सम्बन्धित गतिविधिमा सरकारलाई सहयोग गर्न, मानवीय सहायताका कार्यमा सक्रिय हुन तथा प्रभावित परिवारको पीडामाथि सामाजिक संजालमा नकारात्मक टीकाटिप्पणी नगर्न आयोगले आग्रह गरेको छ ।

# बाढी प्रभावितलाई मानसिक स्वास्थ्यमा ध्यान दिन सुझाव

राष्ट्रिय समाचार समिति

*काठमाडौँ, भाद्र १८ गते ।*

भोटेकोशी बाढीबाट रसुवा, नुवाकोट र धादिङमा ठूलो जनधनको क्षति भएको छ । प्रहरी प्रधान कार्यालयले दिएको जानकारीअनुसार त्यस विपद्मा परी ज्याउन गुमाएकामध्ये हालसम्म १ हजार २ सय भन्दाबढीको शव फेला परेको छ ।

प्रहरीका अनुसार, रसुवामा ११५, नुवाकोटमा १५५, धादिङमा ६०, गोरखामा ६९, नवलपरासीपूर्वमा २१७, नवलपरासी पश्चिममा २०२, तनहुँमा ३८ र चितवनमा ३४८ जनाको शव फेला परेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, ५०० विदेशी नागरिकसहित चार हजार २१६ जना



अझै सम्पर्कविहीन छन् । बाढीपछि करिब १२ हजार उद्धार गरिएको छ । उद्धार गरिएका बासिन्दालाई अहिले रसुवा, नुवाकोट, धादिङ र काठमाडौँका विभिन्न स्थानमा 'होल्डिङ सेन्टर'मा राखिएको छ ।

प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी २१ हजार ३१४ सुरक्षाकर्मी परिचालन गरिएको छ । सुरक्षाकर्मीले बाढीमा परी हराइरहेका व्यक्तिको नदी किनार, जलविद्युत् आयोजना, बाढी प्रभावित बस्ती, सडक तथा पहिरो प्रभावित क्षेत्रमा खोजी गरिरहेका छन् । बाढीका कारण कतिपय स्थानमा सडक तथा भौतिक संरचना क्षति भएकाले उद्धार तथा खोजी चुनौतीपूर्ण भइरहेको छ ।

यसैबिच, बाढी पछिको अवस्थामा प्रभावित क्षेत्रका नागरिकको जनस्वास्थ्यमा गम्भीर सङ्कट आउनसक्ने हुँदा समयमै सावधानी अपनाउन चिकित्सकले सल्लाह दिएका छन् । ग्राण्डी अन्तरराष्ट्रिय अस्पतालका कन्सल्टेन्ट फिजिसियन डा.अमित गौली बाढी प्रभावित क्षेत्रमा विभिन्न रोग फैलिनसक्ने भएकाले विशेष सावधानी अपनाउनुपर्ने बताउँछन् ।

बाढी पछि विशेषगरी दूषित पानी र अस्वस्थ खानपानका कारण झाडा पखालाजस्ता पेटसम्बन्धी रोग र

- बाँकी पृष्ठ ३ मा

# बाढीमा हराइरहेका मधेस प्रदेशका ३० जना सम्पर्कमा

राष्ट्रिय समाचार समिति

*जनकपुरधाम, भाद्र १८ गते ।*

रसुवाको भोटेकोशी नदीमा आएको बाढीमा हराइरहेकामध्ये मधेस प्रदेशका ३० जना परिवारको सम्पर्कमा आएका छन् । मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामका प्रवक्ता वरिष्ठ प्रहरी उपरीक्षक प्रभुप्रसाद ढकालका अनुसार बाढीमा परेर हराइरहेका मधेस प्रदेशका १९२ जनामध्ये ३० जना टेलिफोनमार्फत सम्पर्कमा आएको र १६२ जना अझै सम्पर्कविहीन रहेका छन् । सम्पर्कविहीनमध्ये पर्साको वीरगञ्ज महानगरपालिका बस्दै आएका सिन्धुलीका ज्ञानबहादुर थिङ, श्याम मोक्तान, बाराको कलैया उपमहानगरपालिका-२२ का सत्यम राम, स्वर्ण गाउँपालिका-३ का रुपेश गुप्ता सम्पर्कमा आएको प्रवक्ता ढकालले बताए ।

यस्तै, रौतहटको गढीमाई नगरपालिका-७ का मोविदा खातुन, सकिना खातुन, सलमान अन्सारी, रौतहटकै ईशनाथ नगरपालिका-४ का सेख मजिद, रौतहटको चन्द्रपुर नगरपालिका पवित्रा नेपाल सिलवाल र सम्राट सिलवाल पनि सम्पर्कमा आएको प्रवक्ता ढकालले बताए ।

त्यस्तै, सर्लाहीको लालबन्दी नगरपालिका-१ का वृजकिशोर दास, सुनिता दास, बागमती नगरपालिका-६का दिपेश थापा, महोत्तरीको जलेश्वर नगरपालिका-१ का राकेशकुमार यादव, ई.विपीनकुमार मण्डल, श्रीकेश यादव, लोहारपट्टी गाउँपालिका युवराज पाण्डे, औरही गाउँपालिका-९ का सचिनकुमार यादव, गौशाला नगरपालिका-६ का आदित्यनारायण यादव र बर्दिवास नगरपालिकाका विकास भारती सम्पर्कमा आएको प्रवक्ता ढकालको भनाइ छ ।

यस्तै, धनुषाको सबैला नगरपालिका लक्ष्मण मेहता, हंसपुर नगरपालिकाका दयावतीदेवी यादव, विजयकुमार यादव, सुरेश पजियार, जनकपुरधाम उपमहानगरपालिका-४ का रीतिक झा, विक्रम ठाकुर, जनकपुरधाम उपमहानगरपालिका-११ का सुशान्त यादव, सिरहाको गोलबजार नगरपालिका-१० का टार्जन बलम्पाकी, लहान नगरपालिका-४ का उमेश यादव र कञ्चनरुप नगरपालिका-८ का अजय मरिक पनि टेलिफोनमार्फत सम्पर्कमा आएको प्रहरीले जनाएको छ ।

हालसम्म सप्तरीका ४८ जना, पर्साका ३८ जना, रौतहटका १३ जना, बाराका २३ जना, सर्लाहीका १८ जना, महोत्तरीका १० जना, धनुषाका सात जना तथा सिरहाका १२ जना अझै सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको प्रवक्ता ढकालले बताए ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, अध्यक्ष : रामनारायण महतो ९८४४०३७१९८, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- मोडल अफसेट प्रेस जनकपुरधाम, ग्रुप एडिटर : राजकरण महतो, सम्पादक: सन्तकुमार क्षेत्री